# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लिमिटेड

गोरखा नगरपालिका-०६, शक्तिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल



बचत गरौं

## लेखापरिक्षण प्रतिवेदन

आ.व २०८२/०८३

*प्रस्तुतकर्ता*


विष्णु प्रसाद बराल
बि. एण्ड एसोसिएट्स
पोखरा-१३, कास्की

**Contact Details (Pokhara)**
Phone No.:061-456334, Cell No.9856064264
Email: b.auditor1033@gmail.com

B & Associates ®Ⓐ
Pokhara Municipality -13, Kaski, Nepal

PAN No. : 602309624
Ican Membership. No.: 6113
Certified No.: 3256 'B'

मिती २०८३/०५/२३

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्यमानुभाव ज्यूहरु
श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लिमिटेड
गोरखा नगरपालिका-०६, शक्तिचोक, गोरखा

## राय व्यक्त गर्न असमर्थताको राय:

हामीले यसै साथ संलग्न **गोर्खाली बचत तथा ऋण सहकारी संस्था लिमिटेड,** गोरखा नगरपालिका-०६, शक्तिचोक, गोरखाको ३२ असार २०८३ को वित्तीय स्थितिको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब विवरण, नाफा नोक्सानको बाडँफाडँ, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरुको(त्यसपछि समग्रमा वित्तिय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं।

## राय व्यक्त गर्न असमर्थताको राय आधार,

राय नदिईएको आधार शिर्षक अन्तर्गत समावेश भएका विषय बस्तुले उल्लेखनिय असर पार्दछन्। जसका कारण प्रयाप्त र उपयुक्त लेखापरिक्षण प्रमाण प्राप्त हुन सकेन। लेखापरिक्षण सम्पन्न गर्दा प्रयाप्त र उपयुक्त लेखापरिक्षण प्रमाण प्राप्त नभएकै कारण माथि उल्लेखित वित्तिय विवरणहरुले सारभुत रुपमा संस्थाको ३२ असाढ २०८३ को वित्तिय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाडँफाँड नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरुले प्रचलित कानुनको अधिनमा रहि यथार्थ चित्रण गर्ने वा नगर्ने विषयमा हामी राय दिन नसक्ने अवस्थामा छौं।

संस्थाले प्रस्तुत गरेको वित्तीय विवरणहरु नेपाल नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाद्धारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार गर्नु भनिएकोमा स.विभाग बाट सोहि बमोजिम गर्नु भनि परिपत्र नभएको कारण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार गरिएको छैन। नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय सूचनाको पुर्नलेखन, प्रस्तुती र खुलासा नगरिएकोले यसको समग्र प्रभाव अनिश्चित,उल्लेख्य र व्यापक हुन सक्दछ। नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएका नेपाल वित्तिय प्रतिवेदनमान पालन निर्देशन (Nepal Financial Reporting Standards) अनुसार कुनै पनि संस्थाले अबिक्षिन्न दुई आर्थिक बर्षमा रु ५० करोड वा सो भन्दा बढि रकमको प्रत्ययिक सम्पती (Assets holding in fiduciary capacity) धारण गरेमा वा संस्थाले NFRS अनुरुप प्रतिवेदन तयार गर्नु भनि निर्देशन भएको हकमा सो संस्थालाई वित्तिय महत्वका निकाय मानिने भएकाले आफ्ना वित्तिय विवरणहरु परिवर्तित नेपाल वित्तिय प्रतिवेदन मानहरु बमोजिम तयार गर्नु पर्ने हुन्छ। रायको आधार अनुच्छेदमा उल्लेख गरिएको विषयको कारण नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) लागू गर्दा त्यसले वित्तीय विवरणमा पार्ने प्रभावको परिमाणीकरण गर्ने पर्याप्त प्रमाणहरुको अभावमा साथै यस संस्थाद्धारा नेपाल वित्तिय प्रतिवेदनमानहरु पूर्ण रुपमा पालना गरेको नदेखिएकोले हामी यस संस्थाको आ.व. २०८२/८३ को वित्तीय विवरणहरुमा आफ्नो राय व्यक्त गर्न असमर्थ छौं। तल उल्लेखित "राय व्यक्त गर्न असमर्थताको आधार" खण्डमा वर्णन गरिएका विषयहरूको महत्त्व तथा सम्भावित व्यापक प्रभावका कारण हामी संस्थाको उक्त आर्थिक वर्षको वित्तीय विवरणमा राय व्यक्त गर्न आवश्यक पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न तथा ती विषयहरूले वित्तीय विवरणमा पार्न सक्ने सम्भावित प्रभावको विश्वसनीय रूपमा परिमाणीकरण गर्न असमर्थ भएका छौं।

**संस्थाको वित्तीय विवरण तथा लेखापरीक्षणको क्रममा प्राप्त सूचना, कागजात तथा व्यवस्थापनबाट प्राप्त स्पष्टीकरणका आधारमा देहायका महत्वपूर्ण विषयहरू पहिचान भएका छन् :**

- संस्थाले प्रस्तुत गरेको वित्तीय विवरण नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्था (ICAN) द्वारा जारी लागू नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम पूर्ण रूपमा तयार तथा प्रस्तुत गरेको पाइएन। वित्तीय विवरणमा लागू वित्तीय प्रतिवेदन मानअनुसार आवश्यक पुनर्लेखन, वर्गीकरण, प्रस्तुतीकरण तथा खुलासा नगरिएकोले त्यसको समग्र प्रभाव वित्तीय विवरणका विभिन्न शीर्षकहरूमा महत्त्वपूर्ण तथा व्यापक हुन सक्ने देखिन्छ। यस कारण वित्तीय विवरणका सम्पत्ति, दायित्व, आम्दानी, खर्च, इक्विटी तथा अन्य सम्बन्धित शीर्षकहरूमा आवश्यक समायोजन नगरिएको तथा खुलासाको प्रभाव यकिन गर्न पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त हुन सकेन।
- सहकारी मापदण्ड २०६८ दफा ३० कर्जाको वर्गिकरण अनुसार संस्थाले प्रवाह गरेको ऋणलाई ऋणको समयावधि, र ऋणको स्थिति, साथै किस्तावन्दी वाहेक लगानी भए अनुसार वर्गिकरण गरि सम्भावित ऋण नोक्सानीको व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छैन तर्सथ गोर्खाली  बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आ.व.२०८२/०८३ असाढ मसान्त सम्मको ऋणमा सहकारी मापदण्ड २०६८ अनुसारको पुग्ने गरि कर्जा नोक्सानी कोषको व्यवस्था गरेको पाईएन। संस्थाले कर्जा जोखिम व्यवस्था समयले भाका नाघेको कर्जाको मात्र गरेको छ। किस्तावन्दि बाहेका कर्जाहरुको, मासिक कर्जा भूक्तानि तालिका भन्दा कम भुक्तानि भएको वा किस्ताले भाका नाघेको कर्जाको कर्जा जोखिम व्यवस्था गरेको छैन। सो बापत अतिरिक्त गर्नुपर्ने ब्यावस्थाको चारित्रीकरण गरिएको छैन। त्यसै गरि संस्थाको कर्जा लगानीको अवधि तथा त्यसको कर्जा जोखिम व्यवस्था सहितको बिवरण, कर्जा एजिङ् रिपोर्ट अनुसार कुल कर्जा जोखिम व्यवस्था गर्नू पर्ने थियो तथापी सो वमोजिम भएको छैन।
- संस्थाले स्वीकृत कार्यक्षेत्र सिमा भन्दा बाहिर कर्जा प्रवाह तथा बचत संकलन गरेको पाईयो। यस्तो कारोवारको सम्बन्धमा लागु कानुनी नियामकीय तथा संस्थाको विनिमयगत व्यवस्थाको पूर्ण पालना भएको/नभएको यकिन गर्न आवश्यक कागजात तथा प्रमाणहरुको परिक्षण गरी थप मुल्याङ्कन गर्नु पर्ने देखिन्छ।
- संस्थाले कर्जा प्रवाह गर्ने क्रममा व्यक्तिगत सिमा, संस्थाको ऋण निती तथा विनयमावली बमोजिम कर्जा प्रवाह गर्नु पर्नेमा केहि कर्जाहरुमा कागजात पूर्ण नगरेको साथै कर्जा प्रवाह गर्न आवस्यक पर्ने साक्षी, धनजमानी, धितो मुल्याङ्कन तथा धितो बन्धकको व्यवस्था नगरि कर्जा प्रवाह गरेको पाईयो।
- केही पुराना कर्जा फाइलहरूको परीक्षण गर्दा कर्जा स्वीकृति/निर्णय मिति, धितो मूल्याङ्कनसम्वन्धी कागजात तथा अन्य आवश्यक कागजातहरू अद्यावधिक नभएको पाइयो। कर्जा फाइलमा आवश्यक सम्पूर्ण कागजातहरू व्यवस्थित तथा अद्यावधिक रूपमा राख्नुपर्नेमा सोको पर्याप्त पालना भएको देखिएन।
- कर्जा लगानी गर्दा ऋणीले कर्जा रकम तथा लाग्ने ब्याज तोकिएको समयावधिभित्र नियमित रूपमा भुक्तानी गर्ने गरी आवश्यक किस्ताबन्दी तथा भुक्तानी तालिका निर्धारण गर्नुपर्नेमा सो अनुसार नगरी कर्जा प्रवाह गरेको पाइयो। यस्तो कार्य संस्थाको स्वीकृत कर्जा नीति, कर्जा कार्यविधि तथा प्रचलित सहकारी ऐन, नियमावली एवं सम्बन्धित कानुनी व्यवस्थाको मर्म अनुकूल नभएको देखिन्छ।
- संस्थाको सञ्चालक समितिको निर्णय तथा संस्थाको ऋण नितिबाट विनाधितो कर्जामा मासिक वचतको पाँच गुणा वा रु.३००००० मध्ये जुन सानो हुन्छ त्यो अनुरुप लगानी गर्ने निर्णय भएको तथापी संचालक समितिको निर्णय बाट रु ५ लाख सम्म लगानी गर्ने भनिएपनि केहि शेयर सदस्यको नाममा विनाधितो रु. ५,००,००० भन्दा बढि कर्जा लगानी गरेको पाइयो। यसरी संस्थाले आफ्नै सञ्चालक समितिबाट निर्धारित गरेको कर्जा सीमा समेत उल्लङ्घन गरी कर्जा प्रवाह गरेको देखिएकोले उक्त कारोबार सम्बन्धमा आवश्यक छानबिन तथा सुधार गर्नुपर्ने देखिन्छ।
- संस्थाले कर्जा नोक्सानी कोषको व्यवस्था पनि कर्जा लगानी प्रक्रिया र प्रत्येक त्रैमासिक मुल्याङ्कन गरी कोषको व्यवस्था गर्नु पर्ने पायौं।

B & Associates
Pokhara-13, Kaski
Regd. Auditor

- संस्थाले आन्तरीक व्यवस्थापन निति, तथा अन्य विषयगत निति, विषयगत कार्यवित्रि बनाई कार्य गर्नु पर्ने पायौं । साथै संस्थाको विनियम पुनः लेखन गर्नु पर्ने र कोष परिचालन नितिको तर्जुमा गर्नु पर्ने पायौं ।
- संस्थाले सहकारी ऐन, २०७४, सम्बन्धीत नियमावली तथा संस्थाको स्वीकृत विनियमावली कोषहरुको उद्देश्य अनुरुप वितरण गर्न सुझाव दिएका छौं । शेयर लाभांश, संरक्षित पुजीँ फिर्ताकोष तथा शिक्षाकोष, विकास कोष साधारण सभा बाट पारित गरेर मात्र वितरण गर्न सुझाव दिएका छौं ।
- सहकारी ऐन २०७४ को दफा ३४(३) बमोजिम साधारण सभा बोलाउने निर्णय भईसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन नहुने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ। सदस्यले सदस्यता त्याग गर्दा सहकारी नियमावली २०७५ को नियम २४(१) बमोजिम शेयर रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको ३० दिन भित्र पाउन बाँकी शेयर लाभांश रकम र संरक्षित पूँजी फिर्ता बापतको रकम समेत फिर्ता गर्न सुझाव गरिन्छ ।
- संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४, नियमावली, २०६६ र सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धि सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ मा भएका व्यवस्थाहरुको अनुपालना गर्नुपर्ने देखिन्छ । सदस्यहरुको कारोबारको जोखिम वर्गिकरणमा अझै थप काम गर्नुपर्ने देखिन्छ ।
- सम्पती शुद्धिकरण निवारण संग सम्बन्धीत संकास्पद कारोवारको STR प्रतिवेदन बुझाउने, साथै आतंकवादि वित्तिय कारोवार (CFT) संग सम्बन्धीत कारोवारका विवरण पेश गर्नु पर्नेमा सोहि बमोजिम पेश गरेको पाईएन । यथासिघ्र GOAML दर्ता लगायतका कार्य गर्नु पर्ने देखिन्छ ।
- कोपोमिक्स तथा प्राधिकरणमा बुझाउनु पर्ने विवरणहरु समय समयमा बुझाउनु पर्ने देखिन्छ ।
- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्) निवारण ऐन २०६४ को दफा ७ ख अनुसार संस्थाले आफ्नो ग्राहक वा वास्तविक धनी वा ग्राहक बन्न खोज्ने ब्यक्ति उच्च पदस्थ ब्यक्ति भए नभएको यकिन गर्नूपर्ने तथा सो यकिन गर्न जोखिम व्यवस्थापन प्रणालीको व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरि सोहि ऐनको दफा ७ घ अनुसार सूचक संस्थाले आफ्नो देश, भौगोलिक क्षेत्र,व्यवसाय वा पेशा, कार्यक्षेत्र, ग्राहक, सेवा वा उत्पादन, कारोबार तथा वितरण माध्यम समेतका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा बित्तिय लगानी सम्बन्धी जोखिमको पहिचान तथा मुल्याङ्कन गर्नूपर्ने व्यवस्था रहेको छ । यद्यपि संस्थाले सो ऐनको व्यवस्था कार्यान्वयन गर्न वाकि रहेको देखिएकोले सो ब्यवस्था समयावधि भित्र कार्यान्वयन गर्न सूझाव रहेको छ ।
- श्रम ऐन, २०७४ को दफा १०० (१) बमोजिम प्रत्येक प्रतिष्ठानले प्रतिष्ठानमा श्रम ऐन, नियमावली र प्रचलित कानुन बमोजिम काम कारबाही भए नभएको सम्बन्धमा तोकिए बमोजिमं श्रम अडिट, पौष महिनाभित्र नियम ५६ अनूसार, गरी सोको प्रतिवेदन तयार गर्नू पर्ने व्यवस्था रहेको छ । यस वर्षमा नियमावली र प्रचलित कानुन बमोजिम काम कारबाही भए नभएको सम्बन्धमा तोकिए बमोजिम श्रम अडिट नभएको पाईयो । यस ऐन र ऐन अन्तर्गत बनेको नियमको परिपालना संस्थाले नगर्दा विभागले आवश्यक निर्देशन समेत दिन सक्ने ब्यवस्था रहेको छ । त्यसैले ऐन तथा नियम बमोजिम तोकिएको प्रावधानहरुको परिपालन गर्नूपर्ने ।
- संस्थाले सहकारी ऐन २०७४ अनुसार सहकारी संस्थाबाट सदस्यले जून प्रयोजनको लागि कर्जा सूबिधा लिएको हो सोहि प्रयोजनमा लगाउनू पर्दछ । संस्थाले कर्जा नीतीमा स्पष्ट ब्यवस्था गरी कर्जा सदुपयोगिता आवधिक रुपमा अनिवार्य गर्ने ब्यवस्था मिलाउनू पर्द्छ । तसर्थ कर्जा सदूपयोगिता नियमित तथा आवधिक रुपमा भएको देखिएन ।
- गोर्खाली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लेखा निति तथा टिप्पणीहरु यसै साथ संलग्न अनुसुचि २३ मा समावेश गरिएको छ ।

B & Associates Regd. Auditor Pokhara-13, Kaski

हामीले नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्तामानहरु अनुसारको हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणसंग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी खण्डमा थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहिताको हाते पुस्तक"द हयाण्ड् बुक अफ द कोड अफ द कोड अफ इथिक्स् फर प्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी यस संस्थावाट स्वतन्त्र छौं, र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हाते पुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters):**

लेखापरीक्षणका मुख्य मामिला ती विषयहरु हुन् जुन हाम्रो व्यवसायिक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वको विषय रहेको हुन्छ । उक्त मामिलाहरु वित्तीय विवरणहरुको लेखापरीक्षणको क्रममा तथा राय व्यक्त गर्ने क्रममा सम्बोधन गरिएका छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, सो मामलामा अलग राय व्यक्त गरिएको छैन । हामीले तल उल्लेखित व्यहोराहरुलाई निर्धारण गरि मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा सूचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं :

| | | |
|---|---|---|
| १ | **सूचना प्रविधि प्रणाली**<br>संस्थाको प्राय सबै कारोबारहरु सूचना प्रविधि मार्फत संचालन हुने तथा डिजिटल भण्डारण हुने भएकोले र कुनै पनि नियन्त्रण त्रुटी, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा तथा डाटाको गलत प्रयोग हुन सक्ने सम्भावनाले हामीले पहिचान गरेको व्यवस्थापन र नियामकहरुलाई डाटाको गलत रिपोर्टिङ्ग हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सुचना प्रणालीलाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>Data Backup को लागी संस्थाले अनुसरण गरेको नीति जाँच गरियो । हामीले सुचना प्रणाली तथा सोको नियन्त्रण प्रणालीहरु पर्याप्त रहेको पायौं तथापी समयानुकुल सुधार गर्दै जानुपर्ने ठान्यौं । हामीले नमूनाको आधारमा ऋणको व्याज आम्दानी र निक्षेपको व्याज खर्चको जाँच गर्‍यौं । संस्थाको कारोवारको परिमाणलाई मध्येनजर गर्दा संस्थाले सुचना प्रणाली व्यवस्थापन नीति समय सापेक्ष तयार गरि अद्यावधिक गर्नुपर्ने ठान्यौ । |
| २ | **आय कर व्यवस्था**<br>संस्थाको कारोवारमा आय कर ऐन र नियमावली अनुसार करको गणनामा गल्ती हुन सक्ने र जरिवाना लाग्ने उच्च सम्भावनाको कारण हामीले आय करको व्यवस्थालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>आय कर ऐन, २०५८ र आय कर नियमावली, २०५९ मा भएको व्यवस्था हेरियो । संस्थाले व्यवस्था गरेको आय करको गणनाको जाँच गरियो ।<br>संस्थाले सम्पूर्ण कारोवारमा नगरपालिकामा लाग्ने करको दर (१०%) ले आय कर व्यवस्था गरेको पाइयो । |
| ३ | **कानुनी अनुपालना**<br>सहकारीले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन र अन्य ऐनहरुको अनुपालना गर्नुपर्ने हुन्छ । ऐन, नियमावली र निर्देशनको अनुपालना नहुँदा जरिवाना र दण्ड सजाय हुने हुँदा कानुनी **अनुपालनालाई** मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं । | **लेखापरीक्षकको सम्बोधन**<br>सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन, आय कर ऐन २०५८, आय कर नियमावली, सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन/नियमावली/निर्देशन, र श्रम ऐन/नियमावलीको अनुपालना जाँच गरियो ।<br>नियामक निकायमा पेश गरिएको विवरणहरु जाँच गरियो । संस्थाले कानुनी अनुपालनामा अझै केही कुराहरु कार्यान्वयन गर्नुपर्ने ठान्यौ । |

B & Associates, Regd. Auditor, Pokhara-13, Kaski

| ४ | भाखा नाघेको कर्जाको अवस्था तथा असुली<br>सहकारी ऐन २०७४ तथा नियमावली २०७५ बमोजिम ब्याज आम्दानीलाई प्राप्तीका आधारमा (Cash Basis) लेखाङ्न गर्नुपर्ने हुन्छ । सहकारी क्षेत्रमा देखा परेको संक्रमणको स्थिती लाई मध्यनजर गर्दा नाफा नहुने वा कम हुने अवस्थामा भाखा नाघेको ऋण र व्याजलाई चुक्ता देखाई नयाँ मितीमा पुन लगानी गरि सावाँ व्याज प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पाउनु पर्ने ब्याज समेत असुलि देखिएको हुन सक्छ । | लेखापरीक्षकको सम्वोधन<br>व्याज आम्दानीको लेखाङ्कन सम्बन्धि विषयलाई सम्बोधन गर्न हामिले हाम्रो लेखापरिक्षणमा निम्न प्रक्रिया अवलम्वन गर्यौं ।<br>१.संस्थाको सफ्टवेयरमा ब्याज आम्दानी लेखाङ्कन प्रक्रियाको जानकारी लियौं र चेक जाँच गर्यौं ।<br>२.ऋण पुर्नलगानीको बारेमा सम्वोधन गर्न अन्तिम त्रैमासिकमा लगानी भएको ऋणहरुलाई प्राथमिकतामा राखी नमुनाको आधारमा ऋण फाईलहरु अवलोकन गर्यौं ।<br>३. अन्य आवश्यक प्रकृयाहरु अविलम्वन गर्यौं |
|---|---|---|

## अन्य जानकारी

अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र लेखा तथा सुपरिवेक्षण समितिका संयोजकको प्रतिवेदनहरु पर्दछन् । त्यस्ता प्रतिवेदनहरु प्राप्त भएका छैनन् यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्वन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्वन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा, यदि अन्य जानकारीहरु सारभुत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो । यस सम्वन्धमा हामीले व्यवस्थापन प्रत्रमा देखिएका कैफियत र सुझाव पेश गरका छौ सो बाहेक प्रतिवेदन दिनुपर्ने कुनै तथ्यहरु छैन ।

## आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

## लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्यहरू समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटिको कारणले हुने सारभुत गलत आंकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभुति (Guarantee) छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत गलत आंकडा पत्ता लगाउँदछ

B & Associates
Pokhara-13, Kaski

। गलत आंकडाहरू जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ । हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgement) र व्यवसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौं ।

**यस क्रममा, हामीले :**

जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकुलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं । जालसाजी (fraud) मा मिलीभगत (Collusion), जालसाजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत आँकडाको प्रस्तुती (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढि हुन्छ ।

- संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसंग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।
- संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको उपयुक्तता (Appropriateness) र लेखा अनुमानहरुको व्यवहारिकता (Reasonableness) तथा तीसंग सम्बन्धित खुलासाहरुको मुल्याङ्कन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे, र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ शेयर सदस्यहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवदेन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।
- व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मुल्याङ्कन गरेका छौं ।
- लेखापरीक्षकको रायव्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक कृयाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं । हामी लेखापरीक्षणको निर्देशन, पर्यवेक्षण तथा कार्यसम्पादनको लागी जिम्मेवार छौं । हामी हाम्रो लेखापरीक्षण रायको लागि मात्र जिम्मेवार रहन्छौं ।

हामीले शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं । शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासंग सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं ।

यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभावपार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौं ।

**अन्य कानूनी र नियमनकारी व्यवस्थाहरु सम्बन्धि प्रतिवेदन**

माथि उल्लेखित व्यहोराका अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सुचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा देहाय बमोजिम थप प्रतिवेदन पेश गर्दछौं :

क) संस्थाले लागु सहकारी ऐन, नियमावली, विनियम तथा नियामकीय निर्देशनहरुको पूर्ण पालना गर्नु पर्ने ।

B & Associates Mem. No.6113 ICAN COP. No.3260 'B' Regd. Auditor Pokhara-13, Kaski

ख) कर्जा लगानी गर्दा स्वीकृत कर्जा निती, व्यक्तिगत कर्जा सीमा, आवश्यक कागजात, धितो धनजमानी तथा अधिकार प्राप्त निकायको निर्णय सुनिश्चीत गर्नु पर्ने ।

ग) कर्जाको नियमित बर्गिकरण, किस्तावन्धी कर्जामा रुपान्तरण, एजिङ्ग तथा जोखिम मुल्याङ्कन गरी आवश्यक कर्जा नोक्सानी व्यवस्था गर्नु पर्ने ।

घ) संस्थाका सबै निर्णय, साधारण सभा, सञ्चालक समिती तथा ऋण उपसमितिका निर्णयहरुको अध्यावधिक र सुरक्षीत अभिलेख राख्न सुझाब दिएका छौ । सहकारी ऐन २०७४ को दफा ७२ ले निर्णय तथा कारोवार सम्वन्धी अभिलेख सुरक्षीत राख्नु पर्ने व्यवस्था गरेको छ सोहि बमोजिम अध्यावधिक गरी राख्न सुझाव दिएका छौ ।

ङ) अन्य कोषहरुको रकम वितरण सम्वन्धीत कानुन, नियमावली, विनियम तथा स्वीकृत उद्देश्य अनुसार प्रयोग तथा वितरण गर्नु पर्ने देखिन्छ ।

च) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा शेयर रकम, बाँकी शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता सम्बन्धीका रकम लागु व्यवस्था तथा तोकिएको समयसिमा भित्र फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्ने । सहकारी नियमावली २०७५ को नियम २४ मा सदस्यको रकम फिर्ता सम्वन्धी व्यवस्था रहेको छ ।

छ) सम्पती शुद्धिकरण निवारणसम्बन्धी लागु कानुन तथा निर्देशनको पुर्ण पालना गर्नु पर्ने ।

ङ) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

ङ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सुचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

च) संस्थाले नेपाल लेखामान अनुसार स्थिर सम्पत्तिको ह्रास कट्टी र नेपाल लेखामान अनुसार स्थगन आय करको लेखाङ्कन गरेको पाइएन । साथै संस्थाले उपदान खर्चमा समेत स्थगन करको व्यवस्था गरेको छ।

छ) लेखापरिक्षणको सिलसलिामा उपलब्ध गराइएका स्पष्टिकरण र सूचनाहरुको आधारमा संस्था व्यवस्थापन वा नेपाल सरकारको सम्बन्धित निकायबाट कारवाही गरिरहेका विषयहरु बाहेक एवं व्यावस्थापन पत्रमा उल्लेखित बिषयबस्तूहरु बाहेक संस्थाको व्यवस्थापनबाट उपलब्ध गराइएको व्यवस्थापन प्रतिनिधि पत्र ( Management Representation Letter) समेतको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कूनै कर्मचारीले कानून विरुद्ध लेखासंग सम्बन्धित कूनै काम काज गरेको तथा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थालाई जानाजान हानी नोक्सानी गराएको वा शेयरसदस्यको हित विपरित हूने काम गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

बि एण्ड एसोसियट्स
प्रोपाईटर

विष्णु प्रसाद बराल
रजिष्टर्ड अडिट्रस

स्थान :- गोरखा नगरपालिका-०६, शक्तिचोक, गोरखा
मिति :-२०८३।०५।२३

UDIN NO:

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.

**गोरखा न.पा-०६, शक्तिचोक, गोरखा**

## वित्तिय स्थितीको विवरण (वासलात)

**२०८३ असार मसान्तको वासलात**

| पुँजी तथा दायित्व | अनुसूची | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|---|
| शेयर पुँजी | १ | २,११,४८,६००।०० | २,०४,०१,५००।०० |
| जगेडा कोष | २ | ५४,८७,६२३।१३ | ४२,०६,०८६।०० |
| वैधानिक तथा अन्य कोषहरु | ३ | ६५,७३,३९३।३६ | ५५,१३,९००।०० |
| बचत तथा निक्षेप दायित्व | ४ | ८,५८,९२,२५१।०० | ८,४८,९३,२३४।४१ |
| चालू दायित्व तथा व्यवस्था | ५ | २,७१,२३४।७६ | १२,८७,४५६।०० |
| कर्जा नोक्सानी व्यवस्था | ६ | ८९,२६,३५१।२६ | ८४,८२,०८५।०० |
| अन्य दिर्घकालिन दायित्व | ७ | | - |
| आयकर दायित्व | | ४,१९,१५३।८३ | ३,७६,५६२।५१ |
| स्थगन कर दायित्व | ८ | - | - |
| **जम्मा** | | १२,८७,१८,६०७।३३ | १२,५१,६०,८२३।९२ |
| | | | |
| **सम्पत्ति** | **अनुसूची** | **३२ आषाढ २०८३** | **३२ आषाढ २०८२** |
| नगद मौज्दात | ९ | ११,७८,२५०।२६ | ८,८६,९६५।९१ |
| बैंक मौज्दात | १० | २,५२,०१,५५५।३३ | २,२७,०१,१५४।९१ |
| लगानी | ११ | ७१,०४,३००।०० | ५६,०४,३००।०० |
| कर्जा तथा सापट लगानी | १२ | ९,४३,९०,५८२।८७ | ९,४९,९६,९३२।२८ |
| चालु सम्पत्ति | १३ | ४,८०,२७६।७२ | ५,४२,३००।८२ |
| स्थिर सम्पत्ति | १४ | ३,६३,६४२।१५ | ४,२९,१७०।०० |
| गैर वैकिंग सम्पती | १५ | - | - |
| स्थगन कर सम्पत्ति | ८ | | - |
| **जम्मा** | | १२,८७,१८,६०७।३३ | १२,५१,६०,८२३।९२ |

यसै मितिको हाम्रो संग्लग्न प्रतिवेदनको आधारमा

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी २३

अनुसूची १ - १५ र २३ वित्तिय विवरणको स्थितिको अभिन्न अंग रहने

गोर्खाली बचत तथा ऋण सहकारी संस्था लिमिटेड को तर्फ बाट

| | | |
|---|---|---|
| महेश्वर अर्याल<br>व्यवस्थापक | तिलकजङ्ग केसी<br>कोषाध्यक्ष | बि.एण्ड. एसोसियट्स<br>दर्तावाल लेखापरिक्षक |
| कुमार तिवारी<br>सचिव | कृष्ण प्यारा श्रेष्ठ<br>उपाध्यक्ष | बिदुर बानियाँ<br>अध्यक्ष |
| | | बिष्णु प्रसाद बराल<br>लेखापरिक्षक |

मिति :-२०८३/०५/२३

स्थान:-गोरखा-०६, गोरखा, नेपाल

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा-०६, शक्तिचोक, गोरखा

### आर्थिक बर्ष २०८२/०८३ को

### नाफा नोक्सान हिसाब

| आम्दानी | अनुसूची | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| ब्याज आम्दानी | १६ | १,२१,७१,१०६।५९ | १,३८,४१,२९१।०० |
| ब्याज खर्च | १७ | ५१,२५,५६३।९२ | ५८,३३,०२६।०० |
| **वित्तीय कारोबारबाट खुद आम्दानी** | | ७०,४५,५४२।६७ | ८०,०८,२६५।०० |
| अन्य संचालन आम्दानी | १८ | ५,१२,६६३।१४ | ६,९५,६०८।३४ |
| बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज | १९ | ३,२५,३५१।६३ | ४,८५,२९७।७५ |
| **कुल संचालन आम्दानी** | | ७८,८३,५५७।४४ | ९१,८९,१७१।०९ |
| कर्मचारी खर्च | २० | १६,५८,७००।०० | १४,९५,९३३।०० |
| प्रशासनिक खर्च | २१ | १४,८२,९०५।०० | १५,८७,३४८।०० |
| ह्रासकट्टी खर्च | १४ | १,०६,१४७।८५ | १,२१,९३२।०० |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको संचालन मुनाफा** | | ४६,३५,८०४।५९ | ५९,८३,९५८।०९ |
| संभावित नोक्सानी व्यवस्था | ६ | ४,४४,२६६।२६ | २२,१८,३३३।०० |
| **संचालन मुनाफा वा (नोक्सान)** | | ४१,९१,५३८।३३ | ३७,६५,६२५।०९ |
| गैर संचालन आम्दानी | २२ | ( | ( |
| संभावित नोक्सानी व्यवस्था फिर्ता | ६ | | |
| **नियमित कारोबारबाट भएको मुनाफा वा (नोक्सान)** | | ४१,९१,५३८।३३ | ३७,६५,६२५।०९ |
| असामान्य कारोबारबाट भएको आम्दानी (खर्च) | | – | |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | | ४१,९१,५३८।३३ | ३७,६५,६२५।०९ |
| कर्मचारी बोनस | | | |
| **कर अघिको नाफा (नोक्सान)** | | ४१,९१,५३८।३३ | ३७,६५,६२५।०९ |
| आयकर खर्च | | ४,१९,१५३।८३ | ३,७६,५६२।५१ |
| यस वर्षको कर व्यवस्था | | ४,१९,१५३।८३ | ३,७६,५६२।५१ |
| विगत वर्षसम्मको कर व्यवस्था | | – | |
| यस बर्सको स्थगन कर (आम्दानी) खर्च | ८ | | |
| **खुद नाफा (नोक्सान)** | | ३७,७२,३८४।५० | ३३,८९,०६२।५८ |

यसै मितिको हाम्रो संग्लग्न प्रतिवेदनको आधारमा

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी २३

अनुसूची १५ - २३ नाफा नोक्सान हिसाबको स्थितिको अभिन्न अंग रहने

गोर्खाली बचत तथा ऋण सहकारी संस्था लिमिटेड को तर्फ बाट

महेश्वर अर्याल
व्यवस्थापक

तिलकजङ्ग केसी
कोषाध्यक्ष

बि.एण्ड. एसोसियट्स
दर्तावाल लेखापरिक्षक

कुमार तिवारी
सचिव

कृष्ण प्यारा श्रेष्ठ
उपाध्यक्ष

बिदुर वानियाँ
अध्यक्ष

B & Associates, Regd. Auditor, Pokhara-13, Kaski

विष्णु प्रसाद बराल
लेखापरिक्षक
मिति :-२०८३/०५/२३
स्थानः-गोरखा-०६, गोरखा, नेपाल

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.

**गोरखा न.पा-०६, शक्तिचोक, गोरखा**

२०८३ असार मसान्तमा समाप्त वर्षको

**नगद प्रवाह विवरण**

| विवरण | यस वर्षको रु. |
|---|---|
| **क. कारोबार संचालनबाट नगद प्रवाह** | |
| **१. नगद प्राप्ति** | १,३०,०९,१२१ |
| १.१ कर्जा लगानीबाट ब्याज आम्दानी | १,२१,७१,१०७ |
| १.२ थप ब्याज/हर्जना आम्दानी | |
| १.३ बैंकबाट ब्याज आम्दानी | ३,२५,३५२ |
| १.४ विविध आम्दानी | ५,१२,६६३ |
| **२. नगद भूक्तानी** | ८७,११,४३५ |
| २.१ निक्षेपमा ब्याज खर्च | ५१,२५,५६४ |
| २.२ सापटीमा ब्याज खर्च | - |
| २.३ कर्मचारी खर्च | १६,५८,७०० |
| २.४ कार्यालय संचालन खर्च | १४,८२,९०५ |
| २.५ कर्जा नोक्सानी व्यवस्था | ४,४४,२६६ |
| **सञ्चालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | ६,६८,३७४ |
| १. कर्जा लगानिमा कमी/(वृद्धि) | ६,०६,३४९ |
| २. पाउनू पर्ने हिसाबमा कमी/(वृद्धि) | ६२,०२४ |
| **सञ्चालन सम्बन्धी चालू दायित्वमा (कमी)/(वृद्धि)** | (१३,९२,७८४) |
| १. चालु दायित्व हिसाबमा (कमी)/वृद्धि | (१०,१६,२२१) |
| २. आयकर दाखिला | (३,७६,५६३) |
| **ख. वित्तीय श्रोत कारोवारमा नगद प्रवाह** | ७,५९,०२९ |
| १. शेयर पूंजीमा कमी/वृद्धि | ७,४७,१०० |
| २. कोष हिसावमा कमि/वृद्धि | |
| ३. बचत हिसावमा कमि/वृद्धि | ९,९९,०१७ |
| ४. वाह्य ऋण हिसावमा कमि/वृद्धि | |
| ५. कर्जा नोक्सानी व्यवस्था थप | ४,४४,२६६ |
| ६. लाभांश भूक्तानी/कोष बाट भुक्तानी | (१४,३१,३५४) |
| **ग. लगानी कारोवारमा नगद प्रवाह** | (१५,४०,६२०) |
| १. शेयर तथा लगानीमा कमि/(वृद्धि) | (१५,००,०००) |
| २. सम्पत्ती सामानमा कमि/वृद्धि | (४०,६२०) |
| **३. यस वर्षको खुद नगद प्रवाह** | २७,९१,६८४.७७ |
| **ङ. शुरु नगद तथा बैक मौज्दात** | २,३५,८८,१२१ |
| **च. अन्तिम नगद तथा बैंक मौज्दात** | २,६३,७९,८०६ |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी



गोर्खाली बचत तथा ऋण सहकारी संस्था लिमिटेड को तर्फ बाट

महेश्वर अर्याल
व्यवस्थापक

तिलकजङ्ग केसी
कोषाध्यक्ष

बि.एण्ड. एसोसियट्स
दर्तावाल लेखापरिक्षक

कुमार तिवारी
सचिव

कृष्ण प्यारा श्रेष्ठ
उपाध्यक्ष

बिदुर बानियाँ
अध्यक्ष

विष्णु प्रसाद बराल
लेखापरिक्षक

मिति :-२०८३/०५/२३

स्थान:-गोरखा-०६, गोरखा, नेपाल

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.
## गोरखा न.पा-०६, शक्तिचोक, गोरखा

२०८३ असार मसान्तमा समाप्त वर्षको
नाफा नोक्सान बाँडफाँड खाता

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| यस वर्षको शुरुवातको मौज्दात | - | - |
| यस वर्षको खुद नाफा | ३७,७२,३८४.५० | ३३,८९,०६२.५८ |
| जम्मा | ३७,७२,३८४.५० | ३३,८९,०६२.५८ |
| **कोषमा बाँडफाँड** | | |
| जगेडा कोष | ९,४३,०९६.१३ | ८,४७,२६५.६५ |
| संरक्षित पुंजी फिर्ता कोष (२५%) | ७,०७,३२२.०९ | ६,३५,४४९.२३ |
| सहकारी प्रवर्द्दन कोष (०.५%) | १४,१४६.४४ | १२,७०८.९८ |
| शेयर लाभांश कोष (६५%) | १३,७०,०८२.९० | १०,४१,५०१.२९ |
| कर्मचारी बोनस कोष (५%) | १,०५,३९०.९९ | १,८९,३६३.८७ |
| सहकारी शिक्षा कोष (५%) | १,०५,३९०.९९ | ९४,६८१.९४ |
| घाटा पूर्ति कोष (५%) | १,०५,३९०.९९ | १,८९,३६३.८७ |
| सहकारी विकास कोष (५%) | १,०५,३९०.९९ | ९४,६८१.९४ |
| स्थिरिकरण कोष (५%) | १,०५,३९०.९९ | ९४,६८१.९४ |
| सामुदायिक विकास कोष (५%) | १,०५,३९०.९९ | ९४,६८१.९४ |
| अन्य जोखिम व्यवस्थापन कोष (५%) | १,०५,३९०.९९ | ९४,६८१.९४ |
| जम्मा | ३७,७२,३८४.५० | ३३,८९,०६२.५८ |

गोर्खाली बचत तथा ऋण सहकारी संस्था लिमिटेड को तर्फ बाट

महेश्वर अर्याल
व्यवस्थापक

तिलकजङ्ग केसी
कोषाध्यक्ष

वि.एण्ड. एसोसियट्स
दर्तावाल लेखापरिक्षक

कुमार तिवारी
सचिव

कृष्ण प्यारा श्रेष्ठ
उपाध्यक्ष

विदुर वानियाँ
अध्यक्ष

विष्णु प्रसाद बराल
लेखापरिक्षक
मिति :-२०८३/०५/२३
स्थान:-गोरखा-०६, गोरखा, नेपाल

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.

**गोरखा न.पा-०६, शक्तिचोक, गोरखा**

**इक्विटिमा भएको परिवर्तनको विवरण**

मिति २०८२ श्रावण १ देखि २०८३ असार मसान्त सम्मको

रकम (रु.)

| विवरण | गत वर्षको मौज्दात | यस वर्ष कोष बाट भएको भुक्तानी तथा खर्च | अन्य कोष बाट ट्रान्फर तथा अन्य श्रोत बाट थप | यस वर्षको थप व्यवस्था | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|
| **शेयर पूंजी** | २,०४,०१,५००।०० | | | ७,४७,१००.०० | २,११,४८,६००।०० |
| **सञ्चित नाफा नोक्सान विवरण** | | | | | |
| साधारण जगेडा कोष | ४२,०६,०८६।०० | | ३,३८,४४१।०० | ९,४३,०९६।१३ | ५४,८७,६२३।१३ |
| संरक्षित पुंजी फिर्ता कोष | १३,५०,४९९।०० | २,९६,९९७।०२ | (३,३८,४४१.००) | ७,०७,३२२।०९ | १४,२२,३८३।०७ |
| सहकारी प्रवर्द्धन कोष | ४९,१०१।०० | | | १४,१४६।४४ | ६३,२४७।४४ |
| शेयर लाभांश कोष | १०,४१,५७६।०० | १०,०६,५९२।०० | | १३,७०,०८२।९० | १४,०५,०६६।९० |
| कर्मचारी बोनस | ३,९९,६३२।०० | ८३,०००।०० | | १,०५,३९०।९९ | ४,२२,०२२।९९ |
| सहकारी शिक्षा कोष | ३,५८,२७१।०० | ४४,७६५।०० | | १,०५,३९०।९९ | ४,१८,८९६।९९ |
| घाटा पूर्ति कोष | ८,१९,२२५।०० | | | १,०५,३९०।९९ | ९,२४,६१५।९९ |
| सहकारी विकास कोष | ३,९७,९५६।०० | | | १,०५,३९०।९९ | ५,०३,३४६।९९ |
| स्थिरिकरण कोष | ३,६५,८८०।०० | | | १,०५,३९०।९९ | ४,७१,२७०।९९ |
| सामुदायिक विकास कोष | ३,६५,८८०।०० | | | १,०५,३९०।९९ | ४,७१,२७०।९९ |
| अन्य जोखिम व्यवस्थापन कोष | ३,६५,८८०।०० | | | १,०५,३९०।९९ | ४,७१,२७०।९९ |
| कर्जा नोक्सानी कोष | ८४,८२,०८५।०० | | | ४,४४,२६६।२६ | ८९,२६,३५१।२६ |
| जम्मा | १,८२,०२,०७१।०० | १४,३१,३५४।०२ | ( | ४२,१६,६५०।७६ | २,०९,८७,३६७।७४ |

| महेश्वर अर्याल | तिलकजङ्ग के.सी | कुमार तिवारी | कृष्णप्यारा श्रेष्ठ | विदुर बानीयाँ | विष्णु प्रसाद बराल |
|---|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरिक्षक |

B & Associates
Reg. No. 6113
ICAN COP. No. 3380 'B'
Regd. Auditor
Pokhara-13, Kaski

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा-०६, शक्तिचोक, गोरखा

### वित्तीय विवरण सम्वन्धित अनुसुचीहरु

**अनुसूची १ : शेयर पुंजी**

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| शेयर रकम | २,११,४८,६००।०० | २,०४,०१,५००।०० |
| जम्मा | २,११,४८,६००।०० | २,०४,०१,५००।०० |

**अनुसूची २ : जगेडा कोष**

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| जगेडा कोष | ५४,८७,६२३।१३ | ४२,०६,०८६।०० |
| जम्मा | ५४,८७,६२३।१३ | ४२,०६,०८६।०० |

**अनुसूची ३ : वैधानिक तथा अन्य कोषहरु**

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| संरक्षित पुंजी फिर्ता कोष | १४,२२,३८३।०७ | १३,५०,४९९।०० |
| सहकारी प्रबर्द्दन कोष | ६३,२४७।४४ | ४९,१०१।०० |
| शेयर लाभांश कोष | १४,०५,०६६।९० | १०,४१,५७६।०० |
| कर्मचारी बोनस | ४,२२,०२२।९९ | ३,९९,६३२।०० |
| सहकारी शिक्षा कोष | ४,१८,८९६।९९ | ३,५८,२७१।०० |
| घाटा पूर्ति कोष | ९,२४,६१५।९९ | ८,१९,२२५।०० |
| सहकारी विकास कोष | ५,०३,३४६।९९ | ३,९७,९५६।०० |
| स्थिरिकरण कोष | ४,७१,२७०।९९ | ३,६५,८८०।०० |
| सामुदायिक विकास कोष | ४,७१,२७०।९९ | ३,६५,८८०।०० |
| अन्य जोखिम व्यवस्थापन कोष | ४,७१,२७०।९९ | ३,६५,८८०।०० |
| जम्मा | ६५,७३,९९३।३६ | ५५,१३,९००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| महेश्वर अर्याल | तिलकजङ्ग के.सी | कुमार तिवारी | कृष्णप्यारा श्रेष्ठ | विदुर बानीयाँ | विष्णु प्रसाद बराल |
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरिक्षक |

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा-०६, शक्तिचोक, गोरखा

### वित्तीय विवरण सम्वन्धित अनुसुचीहरु

**अनुसूची ४ : बचत तथा निक्षेप दायित्व**

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| **ऐच्छिक बचत** | ३,४४,६५,४०९।९३ | ३,८२,९३,५१०।७६ |
| साधारण बचत | १,४६,०९,०७६।५३ | १,०७,८१,९७६।०३ |
| वाल बचत | १,३९,१६,१६६।८६ | १,२१,४०,०६०।०० |
| आवधिक बचत | ४२,६५,२०५।०० | १,३३,१५,१०५।०० |
| संचयकोष बचत | ९,०३,९५०।९१ | ६,३१,५२६।९७ |
| सदस्य हित कोष बचत | ६,६६,४७७।६८ | |
| व्यक्तीतग बचत | १,०४,५३२।९५ | १४,२४,८४२।७६ |
| **नियमित बचत** | ५,१४,२६,८४१।०७ | ४,६५,९९,७२३।६५ |
| नियमित मासिक बचत | ३,७५,०६,३०४।७७ | ३,४१,९१,१२३।०० |
| दैनिक बचत | १,३९,२०,५३६।३० | १,२४,०८,६००।६५ |
| जम्मा | ८,५८,९२,२५१।०० | ८,४८,९३,२३४।४१ |

**अनुसूची ५: चालू दायित्व तथा व्यवस्था**

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| सदस्य कल्याणकारी कोष | | २,२३,९००।०० |
| सदस्य हित कोष | १२,०००।०० | ३,२६,९००।०० |
| लेखा परिक्षण शुल्क (वाह्य) | ४४,४०२.६५ | ३६,९३८।०० |
| कर्मचारी कल्याणकारी कोष | १,००,०००.०० | १,००,०००.०० |
| अन्य भुक्तानी दिन बाँकी रकम | | ५,२५०.०० |
| **टि.डी.एस. दायित्व** | | |
| निक्षेप ब्याजमा कर (टि.डी.एस) | ७२,६७३।२६ | ३,४९,९८४।०० |
| बैठक भत्तामा कर | ८,७६१.५० | १४,८६८.०० |
| लाभांस कर | १८,५१०.०० | ६१,६९५.०० |
| घर भाडामा कर | १३,६९०।०० | ३२,८५६।०० |
| लेखा परिक्षण शुल्कमा कर | ५९७.३५ | ५६३।०० |
| कर्मचारी तलबमा कर | ६००।०० | १५,१५४।०० |
| विविध कर/आयकर | | १,१९,३४८।०० |
| जम्मा | २,७१,२३४।७६ | १२,८७,४५६।०० |

| महेश्वर अर्याल | तिलकजङ्ग के.सी | कुमार तिवारी | कृष्णप्यारा श्रेष्ठ | विदुर बानीयाँ | विष्णु प्रसाद बराल |
|---|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरिक्षक |

B & Associates
Pokhara-13, Kaski

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा-०६, शक्तिचोक, गोरखा

### वित्तीय विवरण सम्वन्धित अनुसुचीहरु

**अनुसूची ६ : कर्जा नोक्सानी व्यवस्था**

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| कर्जा नोक्सानी व्यवस्था | ८४,८२,०८५।०० | ६२,६३,७५२।०० |
| यस बर्ष थप | ४,४४,२६६।२६ | २२,१८,३३३।०० |
| जम्मा | ८९,२६,३५१।२६ | ८४,८२,०८५।०० |

**कर्जाको वर्गीकरण**

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| असल ऋण | ८,१३,७५,७६१।९० | |
| कमसल कर्जा (३ देखी ६ महिना सम्म भाखा नाघेको) | ४०,४८,८०४।३७ | |
| संकास्पद ऋण (६ महिना देखी १ बर्ष सम्म भाखा नाघेको) | ३७,३१,२४८।११ | |
| खराव ऋण (१ वर्ष भन्दा बढी भाखा नाघेको) | ५२,३४,७६८।४९ | |
| जम्मा | ९,४३,९०,५८२।८७ | ( |

**कर्जा नोक्सानी व्यवस्था**

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| असल ऋण (१%) | ८,१३,७५७।६२ | |
| कमसल ऋण (२५%) | १०,१२,२०१।०९ | |
| संकास्पद ऋण (५०%) | १८,६५,६२४।०६ | |
| खराब ऋण (१००%) | ५२,३४,७६८।४९ | |
| यस बर्षको जम्मा ऋण नोक्सानी कोष व्यवस्था | ८९,२६,३५१।२६ | ( |
| घटाउने : गत बर्षको ऋण नोक्सानी व्यबस्था | ८४,८२,०८५।०० | ( |
| यस वर्ष थप भएको ऋण नोक्सानी कोष ब्यबस्था खर्च | ४,४४,२६६।२६ | ( |
| यस वर्ष फिर्ता भएको ऋण नोक्सानी कोष व्यवस्था आम्दानी | | - |

**अनुसूची ७ : अन्य दिर्घकालिन दायित्व**

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| कर्मचारी उपदान दायित्व | ( | |
| जम्मा | ( | ( |

| | | | | | |
|---|---|---|---|---|---|
| महेश्वर अर्याल | तिलकजङ्ग के.सी | कुमार तिवारी | कृष्णप्यारा श्रेष्ठ | विदुर बानीयाँ | विष्णु प्रसाद बराल |
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरिक्षक |

B & Associates Pokhara-13, Kaski Regd. Auditor

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा–०६, शक्तिचोक, गोरखा

वित्तीय विवरण सम्बन्धित अनुसुचीहरु

अनुसूची ८ : स्थगन कर सम्पत्ति (दायित्व)

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| **स्थिर सम्पत्तिमा करयोग्य अस्थायी अन्तर** | – | – |
| स्थिर सम्पत्तिको किताबी मुल्य (Book Value) | ३,६३,६४२.१५ | ४,२९,१७०.०० |
| स्थिर सम्पत्तिको कर आधार (Tax Base) | ३,६३,६४२.१५ | ४,२९,१७०.०० |
| **कर्मचारी उपदान व्यवस्थामा करयोग्य अस्थायी अन्तर** | – | – |
| उपदान व्यवस्थाको किताबी मुल्य (Book Value) | – | – |
| उपदान व्यवस्थाको कर आधार (Tax Base) | – | – |
| **कर्मचारी संचित बिदा व्यवस्थामा करयोग्य अस्थायी अन्तर** | – | – |
| कर्मचारी संचित बिदा व्यवस्थाको किताबीं मुल्य (Book Value) | – | – |
| कर्मचारी संचित बिदा व्यवस्थाको कर आधार (Tax Base) | – | – |
| **जम्मा करयोग्य अस्थायी अन्तर** | – | – |
| **स्थगन कर सम्पत्ति (१०%)** | – | – |
| **यस वर्षको शुरुवातको स्थगन कर सम्पत्ति** | – | – |
| **यस बर्सको स्थगन कर आम्दानी (खर्च)** | – | – |

अनुसूची ९ : नगद मौज्दात

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| सानो नगदी कोष (Petty Cash) | ५,०००।०० | ५,०००।०० |
| भल्टमा रहेको नगद मौज्दात (Cash in Vault) | ११,७३,२५०।२६ | ८,८१,९६५।९१ |
| जम्मा | ११,७८,२५०।२६ | ८,८६,९६५।९१ |

| महेश्वर अर्याल<br>व्यवस्थापक | तिलकजङ्ग के.सी<br>कोषाध्यक्ष | कुमार तिवारी<br>सचिव | कृष्णप्यारा श्रेष्ठ<br>उपाध्यक्ष | विदुर बानीयाँ<br>अध्यक्ष | विष्णु प्रसाद बराल<br>लेखापरिक्षक |
|---|---|---|---|---|---|

B & Associates, Regd. Auditor, Pokhara-13, Kaski

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा-०६, शक्तिचोक, गोरखा

### वित्तीय विवरण सम्बन्धित अनुसुचीहरु

अनुसूची १० : बैंक मौज्दात

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| **कल तथा चालु बैंक खाता हिसाब** | | |
| ग्लोबल आई.एम.ई. बैंक लि | १,६५,१५,३३३।३२ | १,२८,५२,९०१।६० |
| मुक्तीनाथ विकास बैंक लि. | १९,२९,६६२।०८ | ४१,४५,२८३।९१ |
| साग्रिला डेभलपमेन्ट बैंक लि. | १३,७४,०२१।४१ | ८,६९,४९८।३० |
| सिद्धार्थ बैंक लि. | ६०,२९०।०० | ५९,४०२।७९ |
| नेपाल इनभेष्टमेन्ट मेगा बैंक लि. | १,१८,५३०।०६ | १,१८,२४६।५३ |
| एन.एम.बि बैंक लि. | १२,५७,९५२।८४ | ७,५४,९४७।९८ |
| ई-सेवा वालेट | २,४१२।६२ | २,४१२।६२ |
| नेपाल बचत तथा ऋण सहकारी संघ -लाभांश खाता | ६,०६२।०९ | ६,०११।६३ |
| नेपाल बचत तथा ऋण सहकारी संघ -विषेश बचत खाता | ३८,२३,२२५।३४ | ३७,९६,३६८।१७ |
| नेपाल बचत तथा ऋण सहकारी संघ -नियमित बचत खाता | ८९,४८९।७२ | ७३,४०८।१० |
| आई एम ई को अपरेटिभ सभिर्स लि. | २४,५७५।८५ | २२,६७३।२८ |
| **जम्मा** | २,५२,०१,५५५।३३ | २,२७,०१,१५४।९१ |

अनुसूची ११ : लगानी

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| **बैंक मुद्दती लगानी** | ७०,००,०००।०० | ५५,००,०००।०० |
| साग्रिला डेभलपमेन्ट बैंक लि. | २०,००,०००।०० | ३०,००,०००।०० |
| मुक्तीनाथ विकास बैंक लि. | | २०,००,०००।०० |
| ग्लोबल आई.एम.ई बैंक लि. | ५०,००,०००।०० | |
| एन.एम.बि बैंक लि. | ( | ५,००,०००।०० |
| **शेयर लगानी** | १,०४,३००।०० | १,०४,३००।०० |
| नेफस्कुन | ९९,३००।०० | ९९,३००।०० |
| जिल्ला बचत तथा ऋण सहकारी संघ | ५,०००।०० | ५,०००।०० |
| जम्मा | ७१,०४,३००।०० | ५६,०४,३००।०० |

अनुसूची १२ : कर्जा लगानी

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| किस्ताबन्दी कर्जा लगानी | २,३४,८५,७०६।०९ | २,०१,५४,४११।१२ |
| हायर पर्चेज कर्जा लगानी | १,१४,९७३।९० | १६,३९,४०८।९४ |
| कर्मचारी संचयकोष कर्जा लगानी | ५,१४,०००।५० | ३,१०,०००।५० |
| साधारण कर्जा लगानी | ३,१२,८५,९०३।०२ | ३,४८,०८,६११।७२ |
| अल्पकालिन कर्जा लगानी | ३,८८,५९,९९१।३६ | ३,६८,३९,५००।०० |
| मुद्धती बचतमा कर्जा लगानी | ( | ११,५०,०००।०० |
| गोर्खाली सर कर्जा लगानी | १,००,०००।०० | ७०,०००।०० |
| साना व्यवसायी कर्जा लगानी | ३०,०००।०० | २५,०००।०० |
| **जम्मा** | ९,४३,९०,५८२।८७ | ९,४९,९६,९३२।२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| महेश्वर अर्याल | तिलकजङ्ग के.सी | कुमार तिवारी | कृष्णप्यारा श्रेष्ठ | विदुर बानीयाँ | विष्णु प्रसाद बराल |
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरिक्षक |

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा-०६, शक्तिचोक, गोरखा

वित्तीय विवरण सम्वन्धित अनुसुचीहरु

अनुसूची १३ : चालु सम्पत्ति

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| पाउनुपर्ने व्याज हिसाब | ३२,९०,६४३।३८ | १६,७९,६६९।३८ |
| घटाउने- व्याज मुल्तवी | ३२,९०,६४३.३८ | १६,७९,६६९.३८ |
| **खुद रकम** | - | - |
| **रेमिट्यान्स धरौटी हिसाब** | | |
| आई.एम.इ धरौटी | २,०२,९४५।०० | २,०२,९४५।०० |
| प्रभु रेमिट धरौटी | ( | ( |
| सिटि एक्सप्रेस रेमिट धरौटी | ( | ( |
| **अग्रिम आयकर** | | |
| अग्रिम आयकर दाखिला | १,८२,४६४।९० | २,४४,४८९।०० |
| **पाउनु पर्ने हिसाब** | | |
| पेश्की हिसाब (फछ्यौट गर्नु पर्ने) | १४,१६५।१५ | १४,१६५।१५ |
| नेफस्कुन बाट पाउन बाँकी हिसाब | ( | |
| **रेमिट्यान्स कम्पनीहरुबाट पाउन बाँकी** | | |
| आइ.एम.ई पे | ८०,७०१।६७ | ८०,७०१।६७ |
| जम्मा | ४,८०,२७६।७२ | ५,४२,३००।८२ |

अनुसूची १५ : गैर बैकिंग सम्पती

रकम (रु.)

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| गैर बैंकिंग सम्पत्ति (सम्बन्धित ऋणी अनुसार विवरण) | | |
| | | |
| कुल गैर बैकिंग सम्पती | | |
| घटाउनेः गैर(बैंकिंग सम्पतिको व्यवस्था | | |
| खुद गैर बैकिंग सम्पती | - | - |

| महेश्वर अर्याल | तिलकजङ्ग के.सी | कुमार तिवारी | कृष्णप्यारा श्रेष्ठ | विदुर बानीयाँ | विष्णु प्रसाद बराल |
|---|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरिक्षक |

B & Associates, Pokhara-13, Kaski, Regd. Auditor

# श्री गोर्खाली बचत तथा ऋण सहकारी संस्था लि.
## गोरखा न.पा-०६, शक्तिचोक, गोरखा

अनुसूची १४

**स्थिर सम्पत्ति**

आर्थिक वर्ष २०८२/०८३ को

| विवरण | स्थिर सम्पत्ति | | | | | | यस वर्ष रु. |
|---|---|---|---|---|---|---|---|
| | जग्गा | भवन | कम्प्युटर, प्रिन्टर तथा उपकरण | फर्निचर तथा फिक्चर्स | कार्यालय सामान तथा उपकरण | सफ्टवेयर | |
| १. परलमोल | | | | | | | |
| (क) गत वर्षको मौज्दात | | - | २,२५,६७८.५६ | १,२४,७८१.४४ | ५०,१५०.०० | २८,५६० | ४,२९,१७०.०० |
